केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/०२/०८२/८३

मितिः २०८२/०५/०८

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**भवदीय,**

**(गुरु प्रसाद पौडेल)**
**कार्यकारी निर्देशक**

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, लाजिम्पाट।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

**यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं. २/०८१ को बुँदा नं. ८ को उपबुँदा (५) थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको | **(५) नेपाल सरकारबाट स्वीकृति प्राप्त निकायमा दर्ता भई सञ्चालनमा रहेका जग्गा विकास तथा भवन निर्माणसँग सम्बन्धित फर्म/कम्पनीलाई प्रवाहित कर्जाको हकमा ऋणीको अनुरोधमा संशोधित व्यावसायिक योजना तथा नगदप्रवाह लगायतका पक्षहरुको विश्लेषणसहित बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरेमा आवश्यकता र औचित्यको आधारमा देहायका शर्तहरुको अधीनमा रही एक पटकको लागि कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिनेछ :**<br>**(१) यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०८२ असोज मसान्तभित्र गरिसक्नु पर्नेछ ।**<br>**(२) यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएको कर्जालाई २०८१ चैत मसान्तमा जुन वर्गमा वर्गीकृत गरिएको थियो कम्तीमा सोही वर्गमा वर्गीकरण गर्नुपर्नेछ ।**<br>**(३) पुनरतालिकीकरण र/वा पुनरसंरचना अघि गरिएको कर्जा नोक्सानी व्यवस्था write back गर्न पाइने छैन ।**<br>**(४) जग्गा विकास तथा भवन निर्माण कार्यको अनुमतिका लागि सम्बन्धित निकायमा पेश गरेको प्रमाणसमेत लिनुपर्नेछ ।** |
| २. | इ.प्रा. निर्देशन नं. २/०८१ को बुँदा नं. ३० मा संशोधन गरिएको । | **३०. कृषि कर्जाको भुक्तानी तालिका सम्बन्धमा**<br>कृषि कर्जाको किस्ता असुली सम्बन्धी भुक्तानी तालिका निर्माण गर्दा किसानले उत्पादन गर्ने बाली भित्र्याउने समय र कर्जाको किस्ता भुक्तानी गर्ने समय बीच सकेसम्म तालमेल मिल्ने किसिमले निर्माण गर्नुपर्नेछ । | **३०. कृषि तथा लघु, घरेलु, साना र मझौला व्यवसाय कर्जा सम्बन्धी :**<br>**इजाजतपत्रप्राप्त संस्थाले कृषि उपज/कृषियोग्य जमिन/ कृषि व्यवसाय संरचनाको धितो आफैंले मूल्याङ्कन गरी रु.१० लाखसम्मको खाद्यान्नबाली, पशुपन्छी, माछापालन लगायत कृषि व्यवसायसँग सम्बन्धित कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्नेछन् । यस प्रकारका कर्जाका सम्बन्धमा देहायबमोजिम गर्नुपर्नेछ :** |

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | (१) कर्जाको सुरक्षणको रुपमा राखिएको उपर्युक्तबमोजिमको धितो मूल्याङ्कन बैंक तथा वित्तीय संस्थाका कर्मचारी वा अन्य धितो मूल्यांकनकर्ताबाट गर्न सकिने छ। यस प्रयोजनका लागि धितो मूल्यांकन गरेवापत् ऋणीसँग धितो मूल्यांकन शुल्क लिन पाइने छैन ।<br><br>(२) कृषि उपज तथा उत्पादनको प्रकृतिसँग तालमेल हुने गरी किसानले उत्पादन गरी बाली भित्र्याउने वा विक्री गर्ने समय र कर्जाको किस्ता भुक्तानी गर्ने समयबीच तालमेल मिल्ने गरी भुक्तानी तालिका कायम गर्नु पर्नेछ ।<br><br>(उदाहरण: किसानले तरकारी खेतीका लागि कर्जा माग गरेमा किसानले तरकारी उत्पादन गरी बजारमा ल्याउन ४ महिनाको समय लाग्ने भएमा कर्जाको किस्ता ४-४ महिनामा हुने गरी कायम गर्नुपर्ने छ ।)<br><br>(३) इजाजतपत्रप्राप्त संस्थाले व्यवसायको नगद प्रवाहलाई आधार लिई कर्जामा पर्याप्त ग्रेस अवधि प्रदान गर्नु पर्नेछ ।<br><br>(४) ग्रेस अवधि प्रदान गरेको पहिलो वर्ष असल कर्जाका लागि ०.२५ प्रतिशत र दोस्रो वर्ष ०.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ ।<br><br>(५) यस अन्तर्गत इजाजतपत्रप्राप्त संस्था स्वयम्ले धितो मूल्यांकन गरी प्रवाह भएको कर्जालाई प्राथमिकतामा राखी सम्बन्धित संस्थाको आन्तरिक लेखापरीक्षणमार्फत् नियमित अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।<br><br>(६) कर्जा प्रवाह सम्बन्धमा प्रडक्ट पेपर र धितो मूल्यांकन कार्यविधि संस्थाले सञ्चालक समितिबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ । |

**यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| ३. | इ.प्रा. निर्देशन नं. २/०८१ को बुँदा नं. ३१ थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको | **३१. नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले सिफारिस गरेका जातका कृषि उपजहरूको उत्पादनका लागि कर्जा प्रवाह सम्बन्धमा :**<br>**(१) नार्कले सम्बन्धित क्षेत्रका लागि सिफारिस गरेका जातका कृषि उपजहरूको उत्पादन अभिवृद्धि गर्ने कृषि परियोजनामा कर्जा प्रवाह गर्दा आधार दरमा बढीमा १.५ प्रतिशतसम्म मात्र प्रिमियम थप गरी कर्जाको ब्याजदर तोक्नु पर्नेछ ।**<br>**(२) ग्रेस अवधि प्रदान गरेको पहिलो वर्ष असल कर्जाका लागि कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्था ०.२५ प्रतिशत र दोस्रो वर्ष ०.५ प्रतिशत कायम गर्न सक्नेछ ।**<br>**(३) यस्तो प्रकारको कर्जामा आवश्यक ग्रेस अवधि प्रदान गर्न वा ब्याज पुँजीकरण गर्न सकिनेछ ।** |
| ४. | इ.प्रा. निर्देशन नं. २/०८१ को बुँदा नं. ३९ मा उपबुँदा १० थप गरिएको । | हाल नरहेको | **(१०) हुलाकी राजमार्ग तथा मध्य-पहाडी लोकमार्ग आसपासका क्षेत्रमा सञ्चालनमा रहेका रु.३ करोडसम्मका उत्पादनमूलक उद्योग तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट "खाद्य स्वच्छताको आधारमा होटेल रेष्टुरेन्ट स्तरीकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४" बमोजिम खाद्य स्वच्छता स्तरीकरण सम्बन्धी Green Sticker लिएका होटल तथा रेष्टुरेन्टहरुलाई कर्जा प्रवाह गर्दा आधार दरमा बढीमा २ प्रतिशतसम्म मात्र थप गरी कर्जाको ब्याजदर तोक्नु पर्नेछ ।** |
| ५. | इ.प्रा. निर्देशन नं. ४/०८१ को बुँदा नं. ४ को | (२) बैंक तथा वित्तीय संस्थाले यो निर्देशन जारी भएको मिति २०७९/१०/२६ पश्चात स्वीकृत हुने तथा Financial Closure | (२) बैंक तथा वित्तीय संस्थाले यो निर्देशन जारी भएको मिति २०७९/१०/२६ पश्चात् स्वीकृत हुने तथा Financial Closure हुने कर्जाको ब्याज पूँजीकरणको लेखांकन सम्बन्धमा देहायबमोजिम गर्नुपर्नेछ : |

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा।**

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | उपबुँदा २ को (अ) को (२) मा संशोधन गरिएको। | हुने कर्जाको ब्याज पूँजीकरणको लेखांकन सम्बन्धमा देहायबमोजिम गर्नुपर्नेछ :<br>प्रोदभावी आधार (Accrual Basis) मा लेखांकन गरिएको ग्रेस अवधि /Moratorium Period को ब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नु पर्नेछ।<br>ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज बराबरको रकममा प्रचलित व्यवस्थाअनुसारको रकम कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) खर्च गरी Interest Capitalized Reserve (ICR) खातामा लेखांकन गर्नु पर्नेछ। यसरी लेखांकन भएको Interest Capitalized Reserve (ICR) लाई नियमनकारी कोष (Regulatory Reserve) अन्तर्गत राख्नुपर्नेछ। ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज रकम प्राप्त भएपश्चात उक्त रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्दै लानुपर्दछ।<br>तर, ब्याज पुँजीकरण गरिएका ५० मेगावाट वा सो भन्दा बढी क्षमताको जलविद्युत परियोजनाको हकमा भने उक्त परियोजनाको निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको प्रमाणित भएको अवस्थामा ICTL मा रहेको रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्न सकिनेछ।<br>साथै ब्याज पुँजीकरण गरिएको अन्य परियोजनाको हकमा परियोजना व्यावसायिक रुपमा सञ्चालनमा आएको अवस्थामा ICTL मा रहेको सम्पूर्ण रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्न सकिनेछ। | प्रोदभावी आधार (Accrual Basis) मा लेखांकन गरिएको ग्रेस अवधि /Moratorium Period को ब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नु पर्नेछ।<br>ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज बराबरको रकममा प्रचलित व्यवस्थाअनुसारको रकम कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) खर्च गरी Interest Capitalized Reserve (ICR) खातामा लेखाङ्कन गर्नु पर्नेछ। यसरी लेखांकन भएको Interest Capitalized Reserve (ICR) लाई नियमनकारी कोष (Regulatory Reserve) अन्तर्गत राख्नुपर्नेछ। ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज रकम प्राप्त भएपश्चात उक्त रकमलाई ICR बाट घटाई सञ्चित मुनाफा हिसाबमा सार्दै लानुपर्दछ।<br>तर, ब्याज पुँजीकरण गरिएका **जलविद्युत, सोलार लगायतका उर्जा परियोजनाको हकमा** भने उक्त परियोजनाको निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको प्रमाणित भएको अवस्थामा ICTL मा रहेको रकमलाई ICR बाट घटाई सञ्चित मुनाफा हिसाबमा सार्न सकिनेछ।<br>साथै ब्याज पुँजीकरण गरिएको अन्य परियोजनाको हकमा परियोजना व्यावसायिक रुपमा सञ्चालनमा आएको अवस्थामा ICTL मा रहेको सम्पूर्ण रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्न सकिनेछ। |
| ६. | इ.प्रा. निर्देशन नं. ८/०८१ को बुँदा नं. ३ | **३. संगठित संस्थाको शेयर, डिवेञ्चर तथा अन्य लगानी सम्बन्धी व्यवस्था** | **३. संगठित संस्थाको शेयर, डिवेञ्चर तथा अन्य लगानी सम्बन्धी व्यवस्था :**<br>(१) सर्वसाधारणमा शेयर बिक्री गरी धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा एक वर्षभन्दा बढी |

## यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | उपबुँदा (१) संशोधन गरी क्रमसंख्या मिलान गरिएको । | (१) सर्वसाधारणमा शेयर बिक्री गरी धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा एक वर्षभन्दा बढी अवधिको लागि मात्र लगानी गर्न पाइनेछ। बैंक तथा वित्तीय संस्थाले कुनै पनि किसिमको प्रबन्धबाट संगठित संस्थाको शेयरमा अल्पकालीन लगानी गर्न पाउने छैनन् ।<br><br>धितोपत्र विनिमय बजारमा सूचीकृत भईनसकेको संगठित संस्थाको सेयर वा डिबेञ्चरमा लगानी गरेमा त्यस्तो लगानी गरेको मितिले ३ वर्षभित्र उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको रकम सञ्चित मुनाफा खर्च गरी लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ। त्यस्तो कोषमा रहेको रकम उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएसम्म उपयोग गर्न पाइने छैन ।<br><br>तर, प्रचलित कानुन बमोजिम सूचीकृत हुन नपर्ने संस्थामा इजाजतपत्रप्राप्त संस्थाको एकाउन्न प्रतिशत वा सो भन्दा बढी लगानी रहेको अवस्थामा र कर्जा सूचना केन्द्र लिमिटेड, Nepal Clearing House Ltd., National Banking Institute, Nepal Stock Exchange Ltd तथा पूर्वाधार विकास बैंकको सेयरमा गरेको लगानीमा लगानी समायोजन कोष कायम गर्न अनिवार्य हुने छैन ।<br><br>साथै, नेपालको भुक्तानी प्रणालीको आधुनिकीकरणका लागि पूर्वाधार तयार गर्न मद्दत पुऱ्याउन बैंक तथा वित्तीय संस्थाको संयुक्त लगानीद्वारा प्रवर्द्धित Payment Switch को कार्य गर्ने कम्पनीमा | अवधिको लागि मात्र लगानी गर्न पाइनेछ । बैंक तथा वित्तीय संस्थाले कुनै पनि किसिमको प्रबन्धबाट संगठित संस्थाको शेयरमा अल्पकालीन लगानी गर्न पाउने छैनन् ।<br>(२) धितोपत्र विनिमय बजारमा सूचीकृत भईनसकेको संगठित संस्थाको सेयर वा डिबेञ्चरमा लगानी गरेमा त्यस्तो लगानी गरेको मितिले ३ वर्षभित्र उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको रकम सञ्चित मुनाफा खर्च गरी लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ । त्यस्तो कोषमा रहेको रकम उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएसम्म उपयोग गर्न पाइने छैन ।<br>तर, देहायबमोजिमका संगठित संस्थाको सेयर वा डिबेञ्चरमा गरेको लगानीको हकमा लगानी समायोजन कोष कायम गर्न अनिवार्य हुने छैन ।<br>(क) प्रचलित कानुन बमोजिम सूचीकृत हुन नपर्ने संस्थामा इजाजतपत्रप्राप्त संस्थाको एकाउन्न प्रतिशत वा सो भन्दा बढी लगानी रहेको अवस्था,<br>(ख) कर्जा सूचना केन्द्र लिमिटेड, Nepal Clearing House Ltd., National Banking Institute, Nepal Stock Exchange Ltd तथा पूर्वाधार विकास बैंकको सेयरमा गरेको लगानी,<br>(ग) नेपालको भुक्तानी प्रणालीको आधुनिकीकरणका लागि पूर्वाधार तयार गर्न मद्दत पुऱ्याउन बैंक तथा वित्तीय संस्थाको संयुक्त लगानीद्वारा प्रवर्द्धित Payment Switch को कार्य गर्ने कम्पनीमा गरिएको लगानी र<br>**(घ) नेपाल सरकारले तोकेको पूर्वाधार क्षेत्रमा लगानी गर्ने उद्देश्यले स्थापना भएका निकायले निश्चित परियोजना स्थापना गर्नका लागि वित्तीय स्रोत जुटाउन जारी गरेका डिबेञ्चरमा गरेको लगानी ।** |

**यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

<table>
<tr><th>क्र.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td></td><td></td><td>गरिएको लगानीको हकमा समेत लगानी समायोजन कोष कायम गर्नु पर्ने छैन ।</td><td></td></tr>
<tr><td>७.</td><td>इ.प्रा. निर्देशन नं. १७/०८१ को बुँदा नं. १५ को उपबुँदा १ (ग) मा संशोधन गरिएको ।</td><td>(ग) २०८५ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा (रु. २ करोडभन्दा कम रकमका कर्जा तथा प्रत्यक्ष रुपमा प्रवाह भएका विपन्न वर्ग कर्जासमेत) प्रवाह गर्नु पर्नेछ ।<br><br>
<table>
<tr><td>२०८२ असार मसान्त</td><td>२०८३ असार मसान्त</td><td>२०८४ असार मसान्त</td><td>२०८५ असार मसान्त</td></tr>
<tr><td>११ प्रतिशत</td><td>१२ प्रतिशत</td><td>१३ प्रतिशत</td><td>१५ प्रतिशत</td></tr>
</table></td><td>(ग) २०८५ असार मसान्तसम्ममा निम्नबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।<br><br>
<table>
<tr><td>२०८२ असार मसान्त</td><td>२०८३ असार मसान्त</td><td>२०८४ असार मसान्त</td><td>२०८५ असार मसान्त</td></tr>
<tr><td>११ प्रतिशत</td><td>१२ प्रतिशत</td><td>१३ प्रतिशत</td><td>१५ प्रतिशत</td></tr>
</table><br>
यस प्रयोजनका लागि देहायबमोजिम प्रवाह भएको कर्जालाई लघु, घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा गणना गर्न सकिनेछ ।<br>
(अ) रु. २ करोडसम्मका कर्जा तथा प्रत्यक्ष रुपमा प्रवाह भएका विपन्न वर्ग कर्जा,<br>
(आ) हुलाकी राजमार्ग तथा मध्य-पहाडी लोकमार्ग आसपासका क्षेत्रमा सञ्चालनमा रहेका उत्पादमूलक उद्योग र "खाद्य स्वच्छताको आधारमा होटेल रेष्टुरेन्ट स्तरीकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४" बमोजिम खाद्य स्वच्छता स्तरीकरण सम्बन्धी Green Sticker लिएका होटल तथा रेष्टुरेन्टहरुलाई प्रवाह भएको रु.३ करोडसम्मको कर्जा ।</td></tr>
</table>